लुम्बिनी प्रदेश सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गुल्मी, नेपाल

csidbgulmi@gmail.com
फोन नं ०७९-५२०-११२

प.स. २०७९/०८०
च.नं. ३८८

मिति २०७९।०९।०४

श्री स्थानीय तह सबै
गुल्मी

विषय : सुचना टास सम्वन्धमा

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७९।०९।०४ मा प्रकाशित संलग्न सुचना. तहाँ कार्यालयको सुचना पाटी / वेबसाइट मा टास गरि सोको जानकारी यस कार्यालयमा गराईदिनुहुन अनुरोध छ ।

कार्यालय प्रमुख

श्री प्रशासन
२०७९/०९/०४

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दामी टकसार, गुल्मी
दर्ता नं. ६०४
मिति : २०७९।९।१४

लुम्बिनी प्रदेश सरकार
उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गुल्मी, नेपाल

csidbgulmi@gmail.com

फोन नं ०७९-५२०-११२

## सुचना सुचना सुचना

प्रथम पटक प्रकाशित मिति २०७९।०९।०४

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व.२०७९/०८० मा निम्न सिप विकास तालिम संचालन गर्न पर्ने भएकोले प्रशिक्षण दिन ईच्छुक व्यक्तिहरुबाट प्रशिक्षक सुचिकृतको लागि यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र घरेलु तथा साना उद्योग कार्यालय, गुल्मी तम्घासमा योग्यता पुगेका सम्पुर्ण व्यक्तिले सुचिकृतका लागि यो सुचना प्रकाशित गरिएको छ ।

निम्न

| | | |
|---|---|---|
| १. हाउस वायरिङ् | २. चुरा लहठी | ३. उड कार्भिङ(फर्निचर) |
| ४. प्लम्बीङ् | ५. मुढा बनाउने | ६. इम्ब्रोइडरी (बुटिक) |
| ७. कम्प्युटर मर्मत वेसिक | ८. मोवाईल मर्मत | ९. परालका जुत्ता |
| १०.कम्प्युटर (वेसिक कोर्स) | ११.डल कुशन | १२.दुना टपरी |
| १३.कपाल काटने(जेन्स) | १४.व्युटिसियन(महिला) | १५.जाम जुस अचार बनाउने |
| १६.सिलाइ कटाइ (आधारभुत तथा एडभान्स) | १७.बासका सामाग्री बनाउने तालिम | १८. दुग्ध डेरी सम्बन्धी तालिम |
| १९.बेमौसमी तरकारी खेती तालिम | २०. मौरी पालन तालिम | २१.उद्यमशिलता विकास तालिम |
| २२.फाइवर झोला बनाउने तालिम | २३.सि एफ एल बल्व बनाउने तालिम | २४.होजियारी |

पुनश्च उल्लेखित तालिम बाहेकका अन्य तालिम भएमा पनि दरखास्त दिन सक्नुहुनेछ।

पेश गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
२. १८ बर्ष उमेर पुगी ५० बर्ष ननाघेको ।
३. कम्प्युटर मर्मत तथा वेसिक कोर्सको लागि एस.ई. ई/एस. एल.सी.उत्तिण गरेको प्रमाण पत्रको प्रतिलिपी।
४. शैक्षिक,तालिम तथा अनुभवका प्रमाण पत्र ।
५. अन्य तालिम अनुसारका आवश्यक अनुभवका सम्पुर्ण कागजात ।
६. अन्य जानकारीका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्नुहोला ।

प्रमुख कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गुल्मी,नेपाल

csidbgulmi@gmail.com
फोन नं ०७९-५२०-११२

## निशुल्क तालिम सञ्चालन सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७९।०९।०४

यस कार्यालयको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न कार्यक्रममा उद्यमशिलता विकास तथा सिप विकास तालिम सञ्चालन गर्ने हुदा तालिम लिन इच्छुक उद्यमी तथा व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी वा नागरिकता नभएको अवश्थामा सम्बन्धित स्थानिय तहको सिफारिस संलग्न राखि यस कार्यालयमा उपश्थित भइ वा यस कार्यालयको इमेल ठेगाना csidbgulmi@gmail.com मार्फत यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न हुन यो सुचना मार्फत जानकारी गराइन्छ ।

तपशिल

| सि. नं. | कार्यक्रमको नाम | तालिमको विषय | सहभागी संख्या | स्थान र मिति | सहभागी मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली नागरिकबाट सैलुन सञ्चालन गर्न सीप विकास तालिम तथा प्रविधिमा सहयोग | सैलुन | १५ जना | पछि निर्धारण गरिने छ । | • उमेर १८ देखि ४५ वर्ष उमेर ननाघेको<br>• गुल्मी जिल्ला भित्रको बासिन्दा हुनुपर्ने<br>• साधारण लेखपढ गर्न सक्ने<br>• तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको । | |
| २ | विपन्न तथा मुक्त कमैया,माझि,कुमाल,चुनारा एवम् लोपोन्मुख सिमान्तकृतहरुलाइ सिपमुलक तथा प्रविधि हस्तान्तरण तालिम | पछि निर्धारण गरिने | १५ जना | | | |
| ३ | भगत सर्वजित सिप विकास प्रवर्धन कार्यक्रम (दलित लक्षित) | पछि निर्धारण गरिने | ३० जना | | | दलित लक्षित कार्यक्रम भएकोले अन्यलाई प्राथमिकता नभएको |
| ४ | महिला उद्यमशिलता, सिप विकास तालिम तथा प्रविधिमा हस्तान्तरण | उद्यमशिलता तालिम पश्चात मागका आधारमा सिप विकास तालिम पछि निर्धारण गरिने पछि निर्धारण गरिने | १५ जना | | | |

पुनश्च १. आवश्यक संख्या भन्दा बढि संख्या आवेदन पेश भएमा यस कार्यालयले निर्धारण गरेको मापदण्ड बमोजिम प्रशिक्षार्थी छनोट गरिने छ।

२. तालिम सम्पन्न पश्चात आवश्यकता र प्राथमिकताको आधारमा ८० प्रतिशत अनुदानमा प्रविधि हस्तान्तरण गरिनेछ ।

अन्य थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिने छ ।

निमित कार्यालय प्रमुख